# नागरिक लगानी कोष

## कोषको वित्तीय अवस्था (अपरिष्कृत)

**२०७९ चैत्र मसान्तसम्म**

रु. हजारमा

### कोषको स्रोत (Sources of Fund)

| विवरण | २०७९।८० चैत्र मसान्त | २०७८।७९ चैत्र मसान्त |
|---|---|---|
| शेयर पुँजी | ४,२५१,००० | ३,२७०,००० |
| शेयर प्रिमियम | २८३,८७८ | १,२६४,८७८ |
| **खुद कोष मौज्दात** | **२१४,७९६,४७३** | **१८९,३१८,१५०** |
| क.ब.वृ. अवकास कोष | १४२,६८३,६६८ | १२२,१५८,८९८ |
| नागरिक एकाङ्क योजना | १,२१८,७३५ | १,४१३,४४३ |
| उपदान कोष योजना | ३३,८०५,२७२ | २६,८४६,०७० |
| लगानीकर्ता हिसाब | ८,८१०,९४८ | ७,३३३,३९७ |
| निजामती बीमा कोष | ३,८३०,२८९ | ३,६५२,६०३ |
| शिक्षक बीमा कोष | ३,११६,५५८ | ३,००८,२७८ |
| नार्क बीमा कोष | १३४,४४७ | ११२,४२० |
| सैनिक बीमा कोष | १,३८७,२५४ | १,४०६,००४ |
| सशस्त्र प्रहरी बीमा कोष | १८१,३२९ | १६३,२७० |
| नेपाल प्रहरी बीमा कोष | ४३७,५९३ | ३९६,९७४ |
| रा.अनुसन्धान बीमा कोष | १२,४५८ | ११,७२१ |
| नागरिक पेन्सन योजना | १३९,५३५ | ६७,७१६ |
| बीमाकोष दायित्व | २,४९८,९२१ | २,४४३,६९२ |
| **जगेडा कोष** | **१६,५३९,४६६** | **२०,३०३,६६६** |
| केन्द्रीय हिसाब | ३,११४,८८९ | ३,८१४,९१६ |
| अन्य कोष र योजना | १३,४२४,५७७ | १६,४८८,७५० |
| **फेयर मूल्य/पुनर्मूल्याङ्कन कोष** | **१४,६८२,५८५** | - |
| केन्द्रीय हिसाब | ९३१,८९१ | - |
| **अन्य कोष र योजना** | **१३,७५०,६९४** | - |
| चालू दायित्व तथा व्यवस्था | ८,४२७,८१० | ६,२६९,९३३ |
| **जम्मा :** | **२४२,४४१,७४६** | **२००,१२२,९६१** |

रु. हजारमा

### कोषको उपयोग (Applications of Fund)

| विवरण | २०७९।८० चैत्र मसान्त | २०७८।७९ चैत्र मसान्त |
|---|---|---|
| खुद स्थिर सम्पत्ति | ३,१५१,९७१ | १,३९७,४८२ |
| पुँजीगत निर्माण (Capital WIP) | - | ९२६,६२१ |
| **लगानी** | **२१२,६४७,३०८** | **१८८,१४८,८७६** |
| नेपाल सरकारको ऋणपत्र | - | १,०५०,००० |
| मुद्दति निक्षेप | ११०,४७८,१९३ | १०७,१२१,३३० |
| समयकालीन कर्जा | २३,१३१,२८० | २२,३०३,४२३ |
| सङ्गठित संस्थाको शेयर/धितोपत्र | २९,२९८,४९७ | १६,६५६,१४६ |
| सहायक कम्पनीमा लगानी | २,५५०,००० | २,५५०,००० |
| सहभागी सापटी तथा आवास कर्जा | ४७,१८९,३३८ | ३८,४६७,९७७ |
| बैंक मौज्दात | १,१८४,६१४ | २,१०४,२०० |
| चालू सम्पत्ति | २५,४५७,८५३ | ७,५४५,७८२ |
| **जम्मा :** | **२४२,४४१,७४६** | **२००,१२२,९६१** |

माथि उल्लेखित विवरणका अङ्कहरू लेखापरीक्षकको सुझाव अनुसार परिवर्तन हुनसक्नेछ।

# नागरिक लगानी कोष

## केन्द्रीय हिसाब

**२०७९ श्रावण १ देखि २०७९ चैत्र मसान्त सम्मको**

**अपरिष्कृत आय/व्यय हिसाब**

रु. हजारमा

| विवरण | २०७९।८० चैत्र मसान्त | २०७८।७९ चैत्र मसान्त |
|---|---|---|
| ब्याज आम्दानी | ३०५,०३२ | १४७,५२५ |
| सेवा शुल्क तथा कमिसन आम्दानी | ९३५,०६७ | ८८२,७५० |
| विविध आम्दानी | १६,८१७ | ४६५ |
| **कुल आम्दानी** | **१,२५६,९१६** | **१,०३०,७४०** |
| व्यवस्थापन खर्च | १६४,८७८ | १५४,७१४ |
| खर्च व्यवस्था | ५४,७८० | ५३,७७५ |
| **कुल खर्च** | **२१९,६५८** | **२०८,४८९** |
| कर अगाडिको खुद नाफा | १,०३७,२५८ | ८२२,२५१ |
| आय कर व्यवस्था | २५९,३१४ | २०५,५६३ |
| **खुद नाफा** | **७७७,९४४** | **६१६,६८८** |

## Particulars

**Financial Ratios & Other Information:**

| Overall | As of Chaitra 2079 | As of Chaitra 2078 |
|---|---|---|
| Return on Investment (ROI) | **9.67%** | **8.18%** |
| Fund to Investment ratio | **99.00%** | **99.38%** |
| Weighted average cost of fund | **8.48%** | **6.57%** |
| Central Account | - | - |
| Net Worth (Rs. in '000) | **8,581,659** | **5,591,583** |
| Net Worth (Value per share) | **201.87** | **186.39** |
| Earning Per Share (in Rs.) - Annualized | **24.40** | **27.41** |

### १. वित्तीय विवरण

त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण माथि उल्लेख गरिए बमोजिम रहेको छ।

### २. व्यवस्थापकीय विश्लेषण

दीर्घकालीन प्रकृतिको कोष सङ्कलन गर्ने भएकोले गर्दा सहभागीहरूको मासिक सङ्कलन रकमबाट दैनिक भुक्तानी दिने कार्य भएको हुँदा तरलता सहज भएको छ। कोषको मुख्य आम्दानीका रूपमा कोष सञ्चालन गरेका योजनाहरूबाट प्राप्त सेवा शुल्क, ब्याज आम्दानी तथा नगद लाभांश रहेको छ। कोषले बन्दमुखी सामूहिक कोष योजना सञ्चालन गर्ने प्रक्रिया अगाडि बढाएको छ। कोषको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पर्ने अवस्था रहेको छैन।

### ३. कानूनी कारबाही सम्बन्धी विवरण

(क) नागरिक लगानी कोषले सञ्चालन गरेको विभिन्न अवकास कोष मध्ये उपदान कोष अन्तर्गत विभिन्न सङ्गठित संस्थाको उपदान कोष रकम सम्बन्धित संस्थाका कर्मचारीहरू अवकास हुँदा कोषले उपदान बापतको रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) को मूल व्यवस्था अनुसार १५ प्रतिशतका दरले आयकर बापत कट्टा गरी भुक्तानी दिँदै आएकोमा सो सम्बन्धमा सम्मानित सर्वोच्च अदालत एवं उच्च अदालतमा सङ्गठित संस्थाका सेवा निवृत्त कर्मचारीहरूले उपदानमा १५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने होइन ५ प्रतिशतका दरले कर कट्टि गर्नुपर्दछ भनी कोषको विरुद्ध रिट निवेदन दायर गरेको र कोषले सोको लिखित जवाफ पेस गरी मुद्दा विचाराधीन अवस्थामा रहेको।

(ख) कोषले उपदान कोषको रकममा ५ प्रतिशत मात्र कर कट्टा गरेको मिलेन भनी ठूला करदाता कार्यलयबाट कोषलाई जरिवाना गरेको र सो उपर कोषले आन्तरिक राजस्व विभाग, लाजिम्पाटमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएर विचाराधीन अवस्थामा रहेको।

### ४. सङ्गठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण

(क) कोषको शेयर नेपाल स्टक एक्स्चेन्ज लि.को दोस्रो बजारमा खुला शेयर बजार अन्तर्गत कारोबार भइरहेको छ। यस विषयमा कोष व्यवस्थापनको धारणा तटस्थ रहेको छ।

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार सङ्ख्या।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कुल दिन | कारोबार शेयर सङ्ख्या |
|---|---|---|---|---|
| २,१९० | १,९५६ | २,०८९।९० | ५६ | ४,५६,९१० |

### ५. समस्या तथा चुनौती

कोषले प्रयोगमा ल्याइरहेको सफ्टवेयरलाई सबै कारोबार र अन्य निकायहरूले प्रयोगमा ल्याइरहेको सफ्टवेयरसँग एकीकरण हुनेगरी मिल्दो बनाउने, पुरानो हिसाब मिलान कार्य सम्पन्न गर्ने, सहभागीहरूलाई दिइने प्रतिफल दरलाई उच्च बनाई राख्ने आन्तरिक चुनौती तथा समस्याहरू कोषसँग रहेका छन्। त्यसैगरी पुँजीबजार तर्फको कारोबारमा प्रतिस्पर्धा, सरकारको जमानतमा गरिएको लगानी असुलीमा समस्या, कोषमा आबद्ध संस्था र सहभागीहरूलाई सामजिक सुरक्षा कोषमा हस्तान्तरण गर्न दबाब गरिनु तथा योगदानमा आधारित पेन्सन कार्यक्रम अन्य संस्थाबाट सञ्चालन गर्न प्रतिस्पर्धी संस्थालाई प्रोत्साहित गरिनुजस्ता बाह्य चुनौतीहरू रहेका छन्। यी चुनौतीहरू समाधानका लागि कोषले नेपाल सरकार महालेखा नियन्त्रक कार्यालयको सफ्टवेयर सुत्रसँग एकीकरण गर्ने प्रक्रियामा रहेको, NCHL सबै कार्यक्रमहरूमा लागू गर्ने, कोषका सम्पूर्ण सेवाहरूलाई डिजिटाई गर्ने, बैंक रिकन्सिलियसन कार्यलाई चुस्त दुरुस्त बनाउन छुट्टै महाशाखाको गठन गरी रिकन्सिलियसन स्टेटमेन्ट तयार गर्ने, सहभागीहरूलाई दिने प्रतिफल दरलाई उच्च बनाउन बढी प्रतिफल प्राप्त हुने सुरक्षित लगानी हेरी केन्द्रीत हुने रणनीति कोषले लिएको छ।

### ६. संस्थागत सुशासन

कोषको सञ्चालक समिति शीर्ष निकाय हो। जो शेयरधनीहरू प्रति उत्तरदायी हुने तथा संस्थागत सुशासन कायम गर्न जिम्मेवार निकाय हो। कोषले सञ्चालन गर्ने योजना/कार्यक्रमहरूको सञ्चालन, अनुगमन तथा वित्तीय विवरण प्रमाणिकरण गर्न सञ्चालकको संयोजकत्वमा ट्रस्टी उपसमितिहरू गठन गरिएको छ। सहभागीहरू प्रति ट्रस्टी उत्तरदायी रहने गरेको छ। आर्थिक अनुशासन र आन्तरिक नियान्त्रण प्रणाली कायम गर्न सञ्चालकको संयोजकत्वमा लेखा परीक्षण समिति रहेको छ। सञ्चालकको संयोजकत्वमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी अनुगमन उपसमिति गठन गरिएको छ। यस सम्बन्धमा सम्पादित कार्यहरूको अर्धवार्षिक प्रतिवेदन समिति समक्ष पेस गर्ने गरिएको छ। कोषका कार्यकारी निर्देशकको संयोजकत्वमा लगानी उपसमिति र कर्जा उपसमिति गठन गरिएको छ। लगानी नीतिको सीमाभित्र रही तोकिएको विधि प्रक्रिया र मापदण्डको अधीनमा रही लगानी गरिएको छ। सहभागीहरूलाई कर्जा प्रदान गर्दा कर्जा कार्यविधिको अधीनमा रही गरिएको छ।

### ७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन।